# पञ्चकन्या गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## लाकुरीभञ्ज्याङ, नुवाकोट
## बागमती प्रदेश, नेपाल

प.सं: २०८१/०८२
सू.नं.: ६९

**आ.व. २०८१/८२ मा नयाँ सुन्तलाजात पकेट विकास कार्यक्रम संचालनको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना !!!**

**(दोस्रो पटक सूचना प्रकाशित मितिः २०८१/११/२५)**

यस पञ्चकन्या गाउँपालिका कृषि विकास शाखाको आ.व. २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत संघीय सशर्त तर्फको बजेटबाट आ.व. २०८१/८२ मा नयाँ सुन्तलाजात पकेट विकास कार्यक्रम प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल, २०७७ बमोजिम संचालन गर्नुपर्ने भएकोले यस गाउँपालिका वडा नं. ३ र ४ भित्रका ईच्छुक कृषि फर्म/कृषि सहकारी/कृषक समुह/जल/वन उपभोक्ता समितिहरुले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले ७ दिन (२०८१/१२/०२ गते) भित्र यस गाउँपालिकाको कृषि विकास शाखामा संलग्न ढाचाँमा आवेदन साथ प्रस्तावना पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै थप जानकारीका लागि कृषि विकास शाखामा (सम्पर्क नं. ९८६६४७९३००/९८५८३६६८०४/९८४१९०३२७३) सम्पर्क गर्न सकिनेछ।

__तपशिल:__

कार्यक्रमको नामः नयाँ सुन्तलाजात पकेट विकास कार्यक्रम।
संचालन गरिने क्षेत्रः पञ्चकन्या गाउँपालिका वडा नं. ३ र ४ भित्र।
आवश्यक क्षेत्रफलः ७ हेक्टर/१४० रोपनी।

__आवश्यक कागजातहरु:__

- तोकिएको ढाचाँ(अनुसूची-१०) बमोजिमको आवेदन फारम।
- कृषि फर्म/कृषि सहकारी/कृषक समुह/जल/वन उपभोक्ता समितिको दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि।
- कृषि फर्म/कृषि सहकारी/कृषक समुह/जल/वन उपभोक्ता समितिको स्थायी लेखा नम्बर(प्यान) प्रमाणपत्रको प्रतिलिपि।
- लेखा परीक्षण सहितको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि।
- कार्यक्रम संचालन हुने स्थान(जग्गा/जमिन)को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा।
- सम्बन्धित वडा कार्यालयको सिफारीस पत्र।
- निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।
- कार्य समितिको निर्णयको प्रतिलिपि।
- कार्य समिति सदस्यहरुको नागरिकताको प्रतिलिपि।

..............................
हेम नारायण महतो
नि.प्रमुख प्रशासकीय अधिकृत
नि.प्रमुख प्रशासकीय अधिकृत